मधेश प्रदेश सरकार

# शिक्षा तथा संस्कृति मन्त्रालय

जनकपुरधाम, नेपाल

प.सः- २०८१/०८२

च.न. - ५४५

मितिः २०८१/१२/०७

विषयः कार्यविधि पठाइएको सम्बन्धमा ।

श्री शिक्षा विकास निर्देशनालय,
मधेश प्रदेश, जनकपुरधाम ।

प्रस्तुत विषयमा मधेश प्रदेश सरकार, मन्त्रिपरिषद्को प्र.मं.प.बै.सं. ३७/०८१, मिति २०८१/१२/०५ को निर्णयानुसार "विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा परिचालन कार्यविधि, २०८१" स्वीकृत भएकोले कार्यान्वयनको लागि उक्त कार्यविधि यसै पत्रसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

२०८१/१२/०७
राम हृदय यादव
शाखा अधिकृत

मधेश प्रदेश सरकार

## शिक्षा तथा संस्कृति मन्त्रालय

जनकपुरधाम, धनुषा

विषयः "विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा परिचालन कार्यविधि, २०८१" स्वीकृत गर्ने बारे" ।

प्रस्ताव पेश गर्न विभागीय मन्त्रीबाट स्वीकृति प्राप्त मितिः २०८१/११/२३ गते

१. **विषयवस्तुको संक्षिप्त व्यहोराः** विगतका सामाजिक विकास मन्त्रालय, मधेस प्रदेश सरकारबाट "विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा परिचालन कार्यविधि, २०७७" तयार भई कार्यान्वयनमा रहेको र उक्त कार्यविधिमा विद्यालय नर्सको सेवा सुविधा, म्याद थप, विदा सम्वन्धी व्यवस्था र रिक्त भएको पदमा पुनः नियुक्तिको व्यवस्था लगायतका विषय थप गरी समय सान्दर्भिक बनाउनु पर्ने भएको साथै हाल उक्त मन्त्रालय परिवर्तन भई शिक्षा तथा संस्कृति मन्त्रालय कायम भएकोले उक्त कार्यविधि खारेज गरी "विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा परिचालन कार्यविधि, २०८१" जारी गर्न आवश्यक देखिएको ।

२. **प्राप्त परामर्श तथा अन्य प्रासंगिक कुराः** अर्थ मन्त्रालयको च.न. ७७९, मिति २०८१/११/०५ को सहमति पत्रानुसार यस कार्यविधिको कार्यान्वयनबाट प्रदेश सरकार माथि विनियोजित बजेट बढेको थप आर्थिक भार नपर्ने र गृह, सञ्चार तथा कानून मन्त्रालयको च.न. ८३३, मिति २०८१/११/२८ को सहमति पत्रानुसार परिमार्जन गरिएको ।

३. **प्रस्ताव पेश गर्नाको कारण र मन्त्रालयको सिफारिसः** "विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा परिचालन कार्यविधि, २०७७" लाई संशोधन गरी समय सान्दर्भिक बनाउनुपर्ने भएको र गृह, सञ्चार तथा कानून मन्त्रालयको सहमति पत्रानुसार "विधि निर्माणको सुत्रमा विनियोजन ऐनलाई टेक्नुपर्ने" सुझाव आएकोमा उक्त कार्यविधि प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ अनुसार जारी भएकोले खारेज पनि मधेश प्रदेश सरकार, मन्त्रिपरिषद्बाट नै गर्नुपर्ने भएको हुँदा सो कार्यविधिलाई खारेज गरी "विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा परिचालन कार्यविधि, २०८१" मधेश प्रदेश सरकार, मन्त्रीपरिषद्बाट स्वीकृत गर्न आवश्यक देखिएको र सो सम्वन्धमा आगामी मन्त्रिपरिषद् बैठकमा प्रस्ताव पेश गर्न माननीय मन्त्रीज्यूबाट मिति २०८१।११।२३ मा स्वीकृति प्राप्त भएकोले मधेश प्रदेश सरकार (कार्यसम्पादन) नियमावली, २०८० को अनुसूची १ को विषय संख्या १ बमोजिम यो प्रस्ताव पेश गरिएको छ ।

४. **निर्णय हुनपर्ने व्यहोराः** यसैसाथ संलग्न, "विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा परिचालन कार्यविधि, २०८१" स्वीकृत गर्ने ।

..............................

दिलिप कुमार ठाकुर

प्रदेश सचिव

मितिः २०८१/११/२३

# विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा परिचालन कार्यविधि, २०८१

विद्यालय तहमा अध्ययनरत बालबालिकाको सरसफाईमा सुधार तथा पोषणमा पहुँच बढाउन, किशोर किशोरीहरुको यौन तथा प्रजनन स्वास्थ्यमा सुधार ल्याउन, किशोरीहरुको महिनावारी व्यवस्थित गरी छात्राहरुलाई विद्यालयमा नियमितताको वातावरण सिर्जना गर्न, सामुदायिक विद्यालयहरुमा स्वास्थ्य तथा नर्सिङ सेवा सञ्चालन गर्न आवश्यक भएकोले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा २ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी मधेश प्रदेश सरकारले यो कार्यविधि जारी गरेको छ ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम "विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा परिचालन कार्यविधि, २०८१" रहनेछ ।

(२) यो कार्यविधि प्रदेश सरकार, मन्त्रिपरिषद्ले स्वीकृत गरेपछि प्रारम्भ हुनेछ ।

२. <u>परिभाषाः</u> विषय प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:-

(क) "मन्त्रालय" भन्नाले मधेश प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालय सम्झनु पर्दछ ।

(ख) "निर्देशनालय" भन्नाले प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालय अन्तर्गतको शिक्षा विकास निर्देशनालय सम्झनु पर्दछ

(ग) "विद्यालय" भन्नाले सामुदायिक विद्यालय सम्झनु पर्नेछ ।

(घ) "कार्यक्रम" भन्नाले यो कार्यविधि अनुसार विद्यालयमा नियुक्त भएका नर्सहरुबाट संचालन हुने तथा यस कार्यविधि अनुसार विद्यालय तहमा संचालन हुने स्वास्थ्य तथा नर्सिंग सेवा सम्बन्धी कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ङ) "विद्यालय नर्स" भन्नाले यस कार्यविधि अनुसार नियुक्ति तथा परिचालन भएका स्टाफ नर्स र अनमि जस्ता स्वास्थ्य सेवाका जनशक्तिलाई सम्झनु पर्दछ ।

३. <u>विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम संचालनः</u> (१) मधेश प्रदेश सरकारले प्रदेश भित्रका सामुदायिक विद्यालयमा विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा कार्यक्रम संचालन गर्नेछ ।

(२) कार्यक्रम संचालनको लागि मन्त्रालयले निर्देशनालयलाई आवश्यक वार्षिक बजेट उपलब्ध गराउनेछ ।

(३) प्रदेश भित्रका विद्यालयको संख्या दफा ५ को आधारमा र विद्यालय नर्सको संख्या दफा [illegible] को आधारमा विनियोजित बजेटको सिमा भित्र रही समानुपातिक र समन्यायिक रुपमा निर्धारण

...छ । प्रदेश सरकारले क्रमशः सबै माध्यमिक विद्यालयमा सञ्चालन हुने गरी कार्यक्रम विस्तार ... गर्नेछ । त्यसरी कार्यक्रम विस्तार हुँदा जिल्लागत समानुपातिक रुपमा थप विद्यालय छनौट ...छ ।

... अघि दरबन्दी निर्धारण भएको ८० विद्यालयमा सचालित विद्यालय नर्सको पद कुनै मनासिब ... नभई पद तथा कार्यक्रम हटाइने छैन । त्यसरी दरबन्दी सार्नु परेमा निर्देशक समितिले सार्न ...छ ।

(४) विद्यालय स्वास्थ्य तथा नर्सिङ सेवा कार्यक्रम सञ्चालन गर्दा आवश्यकता अनुसार संघीय सरकार र स्थानीय तहसँग समेत समन्वय गरिनेछ ।

**विद्यालय नर्स परिचालनः** (१) कार्यक्रम कार्यन्वयनको लागि विद्यालय नर्स पद निर्धारण भएका विद्यालयमा प्रति विद्यालय १ विद्यालय नर्स नियुक्त गरिनेछ । त्यसरी विद्यालय नर्स पदपूर्ति गर्दा रिक्त ...को आधारमा स्टाफ नर्स (पाचौं तह) तथा अनमी (चौथो तह) बाट पदपूर्ति गरिनेछ । तर यस ... कार्यरत अनमी (चौथो तह) लाई म्याद थप गरी निरन्तर काममा लगाउन बाधा पर्ने छैन ।

(२) पदपूर्तिको लागि संख्या निर्धारण तथा तह निर्धारण दफा १८ अनुसारको निर्देशक समितिले गर्नेछ।

(३) विद्यालय नर्सको पद रिक्त भएमा यसै कार्यविधि अनुसार पदपूर्ति गरिनेछ ।

(४) यस अघि नियुक्त भई करार अवधि थप भई कार्यरत विद्यालय नर्स यसै कार्यविधि अनुसार ...चालन हुनेछन ।

**विद्यालय छनौटको आधारः** (१) सबै प्रदेश निर्वाचन क्षेत्र नसमेटिए सम्म निर्वाचन क्षेत्रमा नदोहोरिने गरी सबै निर्वाचन क्षेत्रमा कार्यक्रम विस्तार भएपछि स्थानीय तह नदोहोरिने गरी तथा सबै स्थानीय तहमा कार्यक्रम विस्तार भएपछि माध्यमिक विद्यालय नदोहोरिने गरी निर्देशनालयले सो वर्षको शैक्षिक तथ्यांक (EMIS) को आधारमा सिफारिश गरे अनुसार निर्देशक समितिले विद्यालय छनौट गर्नेछ ।

(२) उपदफा १ बमोजिमको विद्यालयहरु छनौट सिफारिश गर्ने आधार देहाय बमोजिम हुनेछः

(क) कुल विद्यार्थी संख्या

- ५०० सम्म विद्यार्थी भएमा १० अंक
- ५०१ देखि १००० विद्यार्थी भएमा १५ अंक
- १००१ देखि १५०० विद्यार्थी भएमा २० अंक
- १५०१ देखि २००० विद्यार्थी भएमा २५ अंक
- २००१ देखि माथि विद्यार्थी भएमा ३० अंक ।



नि.प्रदेश सचिव

(ख) छात्राको भर्ना प्रतिशत

- कूल भर्नाको ४० प्रतिशत सम्म छात्रा भएमा ५ अंक
- कूल भर्नाको ५० प्रतिशत सम्म छात्रा भएमा ७ अंक
- कूल भर्नाको ५० प्रतिशत भन्दा बढी छात्रा भएमा १० अंक

(ग) विद्यालयको माध्यमिक तह (कक्षा ९-१२) मा अध्ययनरत छात्रा संख्या

- मा वि तहमा कूल भर्नाको ४० प्रतिशत सम्म छात्रा भएमा ५ अंक
- मा वि तहमा कूल भर्नाको ५० प्रतिशत सम्म छात्रा भएमा ७ अंक
- मा वि तहमा कूल भर्नाको ५० प्रतिशत भन्दा बढी छात्रा भएमा १० अंक

(३) उपदफा २ अनुसारको मूल्यांकनमा एक भन्दा बढी विद्यालयको समान अंक प्राप्त गरेमा कुल विद्यार्थी संख्या बढी भएको विद्यालय क्रमशः छनौट हुनेछ ।

(४) उपदफा १, उपदफा २, उपदफा ३ मा जुनसुकै कुरा लेखिएको भएपनि यस कार्यक्रमको लागि यस अघि छनौट भई कार्यक्रम लागू भैसकेको विद्यालय यसै अनुसार छनौट भएको मानिनेछ ।

६ <u>विद्यालय नर्स छनौट तथा सिफारिश समिति</u>: (१) विद्यालय नर्स भर्नाको लागि माग गरिएको पद संख्याका आधारमा उम्मेदवारलाई छनौट गर्न र अन्तर्वार्ता समेत लिई सिफारिस गर्न देहायको विद्यालय नर्स छनौट तथा सिफारिश समिति रहनेछः

(क) निर्देशक, शिक्षा विकास निर्देशनालय - संयोजक

(ख) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तोकेको स्वास्थ्य सेवाको नर्सिङ्ग अधिकृत -सदस्य

(ग) अधिकृत प्रतिनिधि, शिक्षा तथा संस्कृति मन्त्रालय - सदस्य

(घ) अधिकृत प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य

(ङ) प्रमुख, योजना तथा कार्यक्रम शाखा, निर्देशनालय - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको विद्यालय नर्स छनौट तथा सिफरिश समितिले आवश्यकता अनुसार अन्य कर्मचारीलाई समेत कामकाजमा खटाउन सक्नेछ।

७ <u>विद्यालय नर्स छनौट विधि</u> : (१) विद्यालय नर्सको छनौट निम्नानुसारको प्रतियोगितात्मक परीक्षा विधिबाट हुनेछः-

(क) लिखित परीक्षा १०० अंक

(ख) अन्तर्वार्ता २५ अंक

नि.प्रदेश सचिव

(२) लिखित परीक्षा १०० पूर्णाङ्कको वस्तुगत प्रश्नमा आधारित हुनेछ र प्रति प्रश्नको भार दुई अंक हुनेछ । लिखित परीक्षाको उत्तीर्णाङ्क ५० प्रतिशत हुनेछ । लिखित परीक्षामा अनुत्तीर्ण हुनेलाई बाँकी छनौट प्रक्रियामा संलग्न गरिने छैन ।

(३) अन्तर्वार्ता २५ पूर्णाङ्कको हुनेछ । अन्तर्वार्ताको अंक प्रदान गर्दा पूर्णाङ्कको न्यूनतम ४०% र अधिकतम ७०% भित्र रही अंक प्रदान गर्नुपर्छ । सो भन्दा बढी वा घटी अंक प्रदान गरेको खण्डमा औचित्य पुष्टि हुने कारण उल्लेख गर्नुपर्नेछ।

(४) अन्तर्वार्ताको २५ अंक लाई देहाय बमोजिम अंक भार कायम गरिनेछः-

(क) उम्मेदवारको न्यूनतम शैक्षिक योग्यता वापत- ५ अंक (विशिष्ठ श्रेणी वा ३.६ देखि ४ जिपिए ५ अंक, प्रथम श्रेणी वा ३.२ देखि ३.५ जिपिए ४ अंक, द्वितीय श्रेणी वा २.८ देखि ३.१ जिपिए भए ३ अंक र तृतीय श्रेणी वा २.४ देखि २.७ जिपिए को २ अंक प्रदान गरिनेछ।

(ख) कार्य अनुभव वापत - ३ अंक (प्रति बर्ष १ अंक)

(ग) सम्बन्धित प्रदेश र जिल्लाको बासिन्दा भएमा -२ अंक (सम्बन्धित प्रदेश - २ अंक)

(घ) मौखिक अन्तर्वार्ता अधिकतम १५ अंकको हुनेछ । अन्तर्वार्तामा ७० प्रतिशत (१०.५ अंक) भन्दा बढी र ४० प्रतिशत (६ अंक) भन्दा कम अंक प्रदान गर्दा स्पष्ट कारण खुलाउनु पर्नेछ ।

८. <u>पाठयक्रम र परीक्षा संचालन</u>: लिखित परीक्षाको पाठयक्रम प्रदेश लोकसेवा आयोगको सम्वन्धित पदको लागि प्रयोग हुने पाठयक्रममा आधारित हुनेछ।

९. <u>विज्ञापन</u>: (१) रिक्त पद यकीन भएपछि विद्यालय नर्स पदपूर्ति गर्न कम्तिमा पन्ध्र दिनको म्याद दिई पद संख्या खुलाई अनुसूची-१ बमोजिमको ढाँचामा विज्ञापनको सूचना प्रकाशन गर्नुपर्नेछ । त्यस्तो सूचना निर्देशनालयको सूचना पाटी, मन्त्रालयको सूचना पाटी र वेवसाइट तथा राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशन गर्नुपर्नेछ।

(२) दरखास्त आवेदन ढाँचा र प्रवेश पत्र क्रमशः अनुसूची -२ र अनुसूची -३ बमोजिम हुनेछ ।

१०. <u>परीक्षा संचालन</u>: (१) विद्यालय नर्स छनौट तथा सिफारिश समितिले तोकेको समय र केन्द्रमा लिखित परीक्षा संचालन हुनेछ ।

(२) परीक्षा संचालन, उत्तरपुस्तिका परीक्षण, परीक्षाफल प्रकाशन तथा विद्यालय नर्स छनौट तथा सिफारिश समितिको बैठक भत्ता लगायत छनौट सम्वन्धि अन्य कार्यको व्यवस्था निर्देशनालयले



प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय

नि.प्रदेश सचिव

प्रदेश लोकसेवा आयोग ऐन र नियमावलीको सिद्धान्त तथा प्रदेश सरकारको खर्च मापदण्ड निर्देशिका अनुसार गर्नेछ ।

(३) परीक्षा सञ्चालन तथा व्यवस्थापन र प्रश्नपत्र निर्माणको लागि निर्देशक समितिले आवश्यकता अनुसार विषय विज्ञ समेत रहेको उपसमिति गठन गर्न सक्नेछ ।

११. <u>उत्तर पुस्तिका परीक्षण</u>: (१) लिखित परीक्षा समाप्त भएपछि विद्यालय नर्स छनौट तथा सिफारिस समितिका अध्यक्ष वा निजले तोकेको अधिकृतबाट गोप्य कोड कायम गरी विषय विज्ञबाट उत्तर पुस्तिका परीक्षण तथा समपरीक्षण गराउनु पर्नेछ ।

(२) लिखित परीक्षामा सवैभन्दा बढी अंक प्राप्त गर्ने रिक्त संख्याको थप पच्चिस प्रतिशतको नामावली प्रकाशन गर्नुपर्नेछ । त्यस्तो नामावली वर्णानुक्रम अनुसार प्रकाशन गरिनेछ ।

(३) लिखित परीक्षाफल प्रकाशन गर्दा कम्तिमा १ (एक) हप्ताको समय दिई अन्तर्वार्ताको कार्यक्रम समेत प्रकाशन गर्नुपर्नेछ ।

१२. <u>अन्तिम नतिजाको विवरण प्रकाशन गर्ने</u>: (१) लिखित परीक्षा तथा अन्तर्वार्ताबाट सवैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेदवारहरुको योग्यताक्रम अनुसारको सफल हुने उम्मेदवारको नामावली विद्यालय नर्स छनौट तथा सिफारिस समितिले निर्देशक समिति समक्ष पेश गर्नेछ। निर्देशनालयले निर्देशक समितिको निर्णय अनुसार सफल उम्मेदवारको नतिजा सूची प्रकाशन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अन्तिम नतिजाको विवरण प्रकाशन गर्दा पद संख्या भन्दा २५ प्रतिशत बढी संख्यामा वैकल्पिक उम्मेदवारको सूची समेत प्रकाशन गर्नुपर्नेछ ।

(३) सफल उम्मेदवारलाई ७ दिन भित्र विद्यालय छनौट गर्न विद्यालयको नाम सहितको सूचना दिइनेछ। विद्यालय छनौट उम्मेदवारको योग्यताक्रम र स्थानीयताको आधारमा गरिनेछ ।

(४) सिफारिस भएका उम्मेदवारलाई विद्यालय छनौट भएपछि ७ दिनको समय दिई करार सम्झौता गर्न सूचना दिइनेछ । सो समयभित्र करार सम्झौता गर्न नआएमा निजलाई योग्यताक्रम सूचीबाट हटाइनेछ ।

(५) मूल उम्मेदवार करार संझौता गर्न नआएमा वा करार संझौता गरेका विद्यालय नर्सले चालु आ.व. भित्र कामकाज छोडेमा वैकल्पिक उम्मेदवारको योग्यता क्रमबाट क्रमशः पदपूर्ति गरिनेछ।

१३. <u>सेवा करार सम्झौता</u>: (१) विद्यालय नर्सको लागि सिफारिश तथा छनौट भएका उम्मेदवार तोकिएको म्यादभित्र संझौता गर्न आउने उम्मेदवारसँग निर्देशनालयले अनुसूची - ४ बमोजिम सेवा करार सम्झौता गर्नुपर्नेछ।



नि.प्रदेश सचिव

(२) उपदफा (१) बमोजिम सेवा करार सम्झौता गर्दा निर्देशनालयले विद्यालय तोकी कार्य विवरण, कार्य क्षेत्र तथा काम, कर्तव्य र अधिकार समेत तोकी काममा लगाउनु पर्नेछ ।

(३) यस कार्यविधि बमोजिम सेवा करार सम्झौता गर्दा एक आर्थिक बर्षको लागि मात्र करार गर्नु पर्नेछ । आगामी आर्थिक वर्षहरुमा प्रदेश सरकारबाट वजेटको सुनिश्चितता भएमा र सेवा करारमा रहेका विद्यालय नर्सको कार्य सम्पादन स्तर सन्तोषजनक भएमा कार्य अवधि (करार) को म्याद थप गर्न सकिनेछ।

१४. <u>विद्यालय नर्सको काम, कर्तव्य र अधिकार</u>: दफा १३ बमोजिम सेवा करार गरेका विद्यालय नर्सको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) विद्यार्थी र समुदायको स्वस्थ जीवनशैलीसंग सम्बन्धी व्यवहारको प्रवर्द्धन गराउने,

(ख) व्यक्ति सरसफाई, वातावरणीय सरसफाई तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी परामर्श दिने,

(ग) विद्यार्थीलाई शारीरिक व्यायाम, पोषणयुक्त स्वास्थ्य र खानपिनसँग सम्वन्धित व्यवहार, हात धुने तरिका, स्वास्थ्य शिक्षा तथा व्यवहार परिवर्तन गराउने,

(घ) किशोर किशोरीमैत्री यौन तथा प्रजनन स्वास्थ्य सेवा शिक्षा र परामर्श दिने,

(ङ) विद्यार्थीलाई स्वास्थ्यसँग सम्वन्धि आवश्यक अन्य: लैङ्गिक हिंसा, बाल हिंसा रोकथाम, लागू पदार्थ दुर्व्यसनीको नियन्त्रण आदि विषयमा स्वास्थ्य सेवा, शिक्षा र परामर्श प्रदान गर्ने,

(च) प्राथमिक उपचार र औषधि उपलब्ध गराउन पहल गर्ने ,

(छ) शिक्षक तथा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षण गर्ने र अभिभावकहरुलाई वालवालिकाको स्वास्थ्य पोषण र स्वास्थ्य शिक्षा बारेमा परामर्श दिने,

(ज) विद्यालयमा सुर्तिजन्य पदार्थ मदिराजन्य पदार्थ जङ्क फुड, अखाद्य पदार्थ लगायतका अत्यधिक चिनीयुक्त पेय पदार्थको प्रयोगमा नियन्त्रण गर्ने,

(झ) विद्यालयमा स्वच्छ खानेपानी, छात्रामैत्री शौचालय लगायतका स्वास्थ्य मैत्री पूर्वाधार भए नभएको सन्दर्भमा रेखदेख गर्ने र सो को व्यवस्थापनको लागि आवश्यक समन्वय गर्ने,

(ञ) यौन तथा प्रजनन स्वास्थ्य सम्वन्धि कक्षा लिने र किशोराबस्थाको शारीरिक, मानसिक परिवर्तनको अवस्था प्रजनन अगको सरसफाई, परिवार नियोजन र यौन, यौनिकतामा उत्सुकताका बिषयमा उचित परामर्श, सल्लाह तथा सुझाव दिने,

(ट) विद्यालय स्वास्थ अवस्थाको अभिलेख राख्ने र सो को प्रतिवेदन सम्बन्धित स्वास्थ्य संस्था, निकाय तथा समितिलाई जानकारी गराउने,

(ठ) विद्यार्थीलाई थप उपचार आवश्यक भएमा स्थानीय स्वास्थ्य संस्थासंग समन्वय गरी उपचार गराउने वा रिफर गर्ने,



नि.प्रदेश सचिव

(ड) समुदायमा आधारित स्वास्थ्य जनचेतनामुलक कार्यक्रम संचालन गर्ने

(ढ) विद्यालय स्वास्थ्य इकाइ निमार्ण गरी विद्यार्थीलाई मानसिक समस्या र स्वास्थ्य सम्बन्धी आवश्यक परामर्श दिने.

(ण) नियमित रुपमा सरसफाईको व्यवस्थाको पहल गर्ने.

(त) संघ/प्रदेश/स्थानीय सरकारद्वारा संचालित अन्य क्रियाकलापहरु संचालन गर्ने,गराउने.

(थ) स्वास्थ्यसँग सम्बन्धित विषयका अध्ययन तथा अनुसन्धानमा सहभागी हुने वा गर्ने,

(द) विद्यालय स्वास्थ्य कार्यक्रमहरुको व्यवस्थापन र संचालन गर्ने,

(ध) स्वास्थ्य सेवासँग सम्बन्धित अन्य आवश्यक क्रियाकलाप गर्ने ।

१५. <u>सेवा, सुविधा र पारिश्रमिक भुक्तानी</u>: (१) विद्यालय नर्सको पारिश्रमिक सम्बन्धित विद्यालयको खाता मार्फत त्रैमासिक रुपमा भुक्तानी हुनेछ। विद्यालय नर्स सेवामा काम गर्ने स्टाफ नर्सको पाचौं तह सरह र अ.न.मि.को चौथो तह सरहको तलव प्रदेश सरकारको प्रचलित स्केल वमोजिम हुनेछ ।

(२) विद्यालय नर्सले खाईपाई आएको तलवको सुरु स्केलको १ महिना वरावरको चाडपर्व खर्च निजको करार सेवा अवधि ६ महिना पूरा भएपछि र वर्षमा एक पटक पोशाक भत्ता वापत रु ७०००/- अन्तिम चौमासिक भुक्तानी हुदा दिईनेछ । नियमले तोकिए अनुसार महंगी भत्ता समेत पाउनेछन ।

(३) विद्यालय नर्सले मासिक १ दिन विद्यालयबाट स्वीकृत गराई विदा लिन सक्नेछन तर त्यस्तो विदा अर्को वर्ष संचित हुने छैन ।

१६. <u>करार अन्त्य</u>: विद्यालय नर्सको कार्य सम्पादन स्तर सन्तोषजनक नभएमा विद्यालयमा विना जानकारी लगातार १५ दिन सम्म अनुपस्थित भएमा तथा खराव आचरण भएमा त्यस्तो सेवा करार सम्झौता जुनसुकै समयमा भङ्ग गर्न सकिनेछ। तर त्यसरी करार संझौता भंग गर्नु अघि निजलाई सफाइको मौका दिईनेछ।

१७. <u>निर्देशक समिति</u>: (१) कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा आवश्यक नीति निर्देशनको लागि देहाय वमोजिमको निर्देशक समिति गठन हुनेछ.

(क) मन्त्री, प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालय - अध्यक्ष

(ख) सचिव, प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालय - सदस्य

(ग) सचिव, प्रदेश सरकारको स्वास्थ्य विषय हेर्ने मन्त्रालय - सदस्य

(घ) अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य

(ङ) अधिकृत प्रतिनिधि, प्रदेश सरकारको अर्थ मन्त्रालय - सदस्य



कोशी प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय विराटनगर, नेपाल

नि.प्रदेश सचिव

(च) महाशाखा / शाखा प्रमुख, विद्यालय शिक्षा हेर्ने प्रदेश सरकारको शिक्षा विषय हेर्ने मन्त्रालय - सदस्य

(छ) निर्देशक, शिक्षा विकास निर्देशनालय - सदस्य सचिव

(२) निर्देशक समितिको बैठकमा आवश्यकता अनुसार बढीमा तीन जनासम्म विज्ञ वा सरोकारवालालाई आमन्त्रण गर्न सकिनेछ।

(३) निर्देशक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ।

(४) समितिका सदस्यले नियमानुसार बैठक भत्ता पाउने छन।

(५) निर्देशक समितिको बैठकको कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुनेछ ।

१८. <u>निर्देशक समितिको काम कर्तव्य र अधिकार</u>: निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा सम्बन्धी आवश्यक नीति तथा योजना स्वीकृत गर्ने,

(ख) कार्यक्रमको प्रभावकारी कार्यान्वयनको लागि निर्देशनालयलाई आवश्यक निर्देशन दिने,

(ग) कार्यक्रम कार्यन्वयनमा सहजिकरण गर्न अन्तर निकाय समन्वय गर्ने,

(घ) कार्यक्रमको निरन्तरता, स्तरवृद्धि, विस्तार तथा परिमार्जन सम्बन्धमा आवश्यक निर्णय लिने ।

(ङ) विद्यालय नर्स परिचालन (विज्ञापन, छनौट, नतिजा, करार म्याद थप, करार भंग लगायत) सम्बन्धी आवश्यक निर्णय गर्ने ।

(च) विद्यालय नर्सहरुको संख्या निर्धारण सम्बन्धी निर्णय गर्ने ।

१९. <u>कार्यक्रम संचालन, नियन्त्रण र अभिलेखिकरण प्रक्रिया</u>: (१) विद्यालय स्वास्थ तथा नर्सिङ्ग सेवा कार्यक्रम तथा सो अन्तर्गतको विद्यालयमा विद्यालय नर्सको परिचालन अनुगमन मूल्याङ्कन र नियन्त्रणको काम प्रचलित कानून र यस कार्यविधिको अधिनमा रही शिक्षा विकास निर्देशनालयले गर्नेछ ।

(२) विद्यालय स्वास्थ्य सेवामा खटिने नर्सले आफूले सम्पादन गरेको कार्य प्रतिवेदन विद्यालय प्रशासन, स्थानीय तहको स्वास्थ्य शाखा र शिक्षा विकास निर्देशनालयमा नियमित रुपमा गर्नुपर्छ ।

(३) निर्देशनालयले प्राप्त प्रतिवेदनको समष्टि विवरण शिक्षा तथा संस्कृति मन्त्रालयमा नियमित रुपमा पठाउनु पर्नेछ ।

(४) मन्त्रालय, निर्देशनालय र स्थानीय तहले कार्यक्रमको आवश्यकता अनुसार अनुगमन गर्नेछन् ।



गण्डकी प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय

नि.प्रदेश सचिव

(५) कार्यक्रमको अभिलेखिकरण निर्देशनालयले तोकिएको ढाँचामा गर्नुपर्नेछ ।

(६) यस कार्यक्रम अन्तरगत सम्पादित कामहरुको नियमित अनुगमन, मूल्यांङन र प्रतिवेदनको काम निर्देशनालयले गर्नेछ ।

२०. **विद्यालय स्वास्थ्य इकाइ गठनः** (१) विद्यालय स्वास्थ्य कार्यक्रम संचालन गर्नका लागि विद्यालयको प्रधानाध्यापकको संयोजकत्वमा एक विद्यालय स्वास्थ्य इकाइ रहने छ ।

(क) प्रधानाध्यापक - संयोजक

(ख) विद्यालय नर्स १ जना - सदस्य

(ग) महिला शिक्षक/स्वास्थ्य शिक्षक १ जना - सदस्य

(घ) विद्यालयमा वाल क्लव गठन भएको भए उक्त वालक्लवको अध्यक्ष र क्लवले छानेको १ जना छात्रा सदस्य गरी २ जना वा वालक्लव गठन नभएको भए कक्षा ९ देखि १२ सम्मवाट प्रधानाध्यापकले छनौट गरेको छात्रा सहित २ जना - सदस्य

(२) विद्यालय स्वास्थ्य इकाइको आवश्यक पूर्वाधार अनुसूची -५ मा उल्लेख भए बमोजिम हुनुपर्नेछ ।

२१. **विविधः** यस कार्यविधिको कार्यान्वयन क्रममा विद्यालय छनौट, विज्ञापन, परिचालन, अनुगमन तथा मूल्यांकन लगायतका यससँग सम्वन्धित आर्थिक भार पर्ने विषयहरु सार्वजनिक खरिद सम्वन्धी प्रचलित कानून तथा प्रदेश सरकारको खर्च मापदण्ड निर्देशिका अनुसार हुनेछ ।

२२. **खारेजी र बचाऊः** (१) विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा परिचालन कार्यविधि, २०७७ खारेज गरिएको छ ।

(२) विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग सेवा परिचालन कार्यविधि, २०७७ अनुसार भए गरेका काम कारवाही यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

नि.प्रदेश सचिव

अनुसूची -१

(दफा ९ सँग सम्बन्धित आवेदनको ढाँचा)

मधेश प्रदेश सरकार

शिक्षा तथा संस्कृति मन्त्रालय

# शिक्षा विकास निर्देशनालय

जनकपुरधाम, धनुषा, नेपाल

## करारमा सेवा लिने सम्बन्धी सूचना

सुचना प्रकाशित मिति :................

यस निर्देशनालयको आ.व. २०८१/८२ को स्वीकृत कार्यक्रम विद्यालय स्वास्थ्य तथा नर्सिङ्ग कार्यक्रमलाई सहयोग पुऱ्याउन प्रदेशका विद्यालयहरुमा स्टाफ नर्स/अ.न.मि. परिचालन कार्यक्रम" अन्तर्गत प्रदेश भित्रका ८ वटै जिल्लाका सामुदायिक विद्यालयहरुमा रहने गरी विद्यालय नर्सको रुपमा देहायको संख्या र योग्यता भएको कर्मचारी करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सुचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र दरखास्त दिनु हुन सम्बन्धित सबैको लागि यो सुचना प्रकाशन गरेको छ । यसको फाराम, कार्य-विवरण, पारिश्रमिक, सेवाका शर्तहरु सहितको विस्तृत विवरण कार्यालयबाट वा वेवसाइट www.edd.p2.gov.np बाट उपलब्ध हुनेछ ।

१. माग पद संख्याः स्टाफ नर्स -................. अनमि-...............

२. शैक्षिक योग्यता र अनुभव :

(क) नेपाली नागरिक ।

(ख) न्यूनतम योग्यताः नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स उत्तीर्ण गरेको ।

(ग) न्यूनतम योग्यताः नेपाल सरकारको मान्यता प्राप्त शिक्षण संस्थाबाट अ.न.मि उत्तीर्ण गरेको ।

(घ) १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको हुनुपर्ने ।

(ङ) नेपाल नर्सिङ्ग काउन्सिलमा दर्ता भएको (प्रमाण-पत्र)।

(च) सम्बन्धित क्षेत्रमा अनुभव भएको र स्थानीयलाई प्राथमिकता दिइनेछ ।

(छ) अन्य प्रचलित कानूनद्वारा अयोग्य नभएको ।

३. दरखास्तमा संलग्न गर्नुपर्नेः उम्मेदवारको व्यक्तिगत विवरण, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपी, प्रचलित नेपाल कानुन बमोजिम काउन्सिलमा दर्ता भएको प्रमाणित संलग्न हुनुपर्ने छ । पेश गरिने सबै प्रतिलिपीको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित संलगन हुनुपर्ने छ । पेश गरिने सबै प्रतिलिपीको पछाडि उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

४. छनौटः शैक्षिक योग्यता, प्रदेशवासी, अनुभव र अन्तर्वार्ताको आधारमा गरिनेछ ।

५. तलब स्केलः प्रदेश सरकारको प्रचलित कानुन बमोजिम हुनेछ ।

६. सम्पर्क मितिः सुचना प्रकाशन गरि सम्पर्क मिति तोकिनेछ ।

७. अन्तर्वार्ता मितिः सम्पर्क मितिमा जानकारी गराइनेछ ।

नि.प्रदेश सचिव

अनुसूची – २

(दफा ९ को उपदफा (२) सँग सम्वन्धित)

मधेश प्रदेश सरकार

शिक्षा तथा संस्कृति मन्त्रालय

**शिक्षा विकास निर्देशनालय**

जनकपुरधाम, धनुषा, नेपाल

(दरखास्त फारामको ढाँचा)

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टाँस्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत

(क) उम्मेदवारले दरखास्त फाराम भरेको पद सम्वन्धी विवरणः

| | | | |
|---|---|---|---|
| १. विज्ञापन नं.: | २. पदः | ३. सेवाः | ४. समूहः |
| ५.समावेशी समूहः | ६ श्रेणी तहः | ७ परीक्षा केन्द्रः | |

(ख) उम्मेदवारको व्यक्तिगत विवरणः

| | | | | |
|---|---|---|---|---|
| उम्मेदवार को | नाम थर | देवनागरिकमाः | | |
| | | अंग्रेजीमाः | | लिङ्गः |
| | नागरिकता नं: | | जारी गर्ने जिल्ला : | मितिः |
| स्थायी ठेगाना | टोल नं. | गा.पा./न.पा.: | वडा नं.: | |
| | ईमेलः | | फोन नं.: | |
| पत्राचार गर्ने ठेगाना : | | | | |
| बावुको नाम, थर : | | | आमाको नाम थर | |
| बाजेको नाम, थर : | | | पति/पत्नीको नाम थर | |
| जन्म मिति (वि.सं.मा) | | | हालको उमेर.......वर्ष....महिना | |

ग. शैक्षिक योग्यता/तालिम (दरखास्त फाराम भरेको पदको लागि चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता/तालिम मात्र उल्लेख गर्ने)

| आवश्यक न्यूनतम योग्यता | विश्वविद्यालय/बोर्ड/तालिम दिने संस्था | शैक्षिक उपाधि/तालिम | संकाय | श्रेणी/ प्रतिशत | मूल विषय |
|---|---|---|---|---|---|
| शैक्षिक योग्यता | | | | | |
| | | | | | |
| तालिम | | | | | |

(घ) अनुभव सम्बन्धी विवरण (दरखास्त फाराम भरेको पदको विज्ञापनको लागि अनुभव सम्वन्धि विवरण आवश्यक भएमा मात्र उल्लेख गर्ने)



मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय

नि.प्रदेश सचिव

| कार्यालय | पद | सेवा/ समूह/ उपसमूह | श्रेणी तह | स्थायी / अस्थायी/ करार | अवधि | |
|---|---|---|---|---|---|---|
| | | | | | देखि | सम्म |
| | | | | | | |
| | | | | | | |

मैले यस दरखास्तमा खुलाएका सम्पूर्ण विवरणहरु सत्य छन् । दरखास्त बुझाएको पदको विज्ञापनको लागि अयोग्य ठहरिने गरी कुनै सजाय पाएको छैन । कुनै कुरा ढाँटे वा लुकाएको ठहरिएमा प्रचलित कानून बमोजिम सहनेछु बुझाउनेछु। उम्मेदवारले प्रचलित कानून तथा यस दरखास्त फारामका पृष्ठहरुमा उल्लेखित सबै शर्त तथा नियमहरु पालना गर्न मन्जुर गर्दछु ।

| उम्मेदवारको ल्याप्चे सहीछाप | | उम्मेदवारको दस्तखतः<br>मितिः |
|---|---|---|
| दायाँ | बायाँ | |
| | | |

| कर्मचारीले भर्ने | |
|---|---|
| रसिद/भौचर नं. | रोल नं: . |
| दरखास्त अस्वीकृत भए सो को कारण : | |
| दरखास्त रुजु गर्नेको नाम र दस्तखतः<br>मिति : | दरखास्त स्वीकृत/अस्वीकृत गर्नेको दस्तखतः<br>मिति : |

<u>द्रष्टव्यः</u> दरखास्त विज्ञापनमा उल्लेखित लगायत निम्नलिखित कागजातहरु अनिवार्य रुपमा उम्मेदवार आफैले प्रमाणित गरी पेश गर्नु पर्नेछ।

१. नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि
२. समकक्षता भए सो को प्रमाणपत्र,
३. विज्ञापन भएको पदको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको प्रमाण-पत्रको र चारित्रिक प्रमाणपत्रको प्रतिलिपि (तालिम र अनुभव आवश्यक पर्नेमा सो समेतको प्रतिलिपी)
४. सेवा सम्बन्धी ऐन/नियमावलीमा तोकिएको भए सम्बन्धित व्यवसायिक परिषदमा नाम दर्ता भएको प्रमाणको प्रतिलिपी ।

मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल

नि.प्रदेश सचिव

अनुसूची – ३

(दफा ९ को उपदफा (२) सँग सम्बन्धित)

मधेश प्रदेश सरकार

शिक्षा तथा संस्कृति मन्त्रालय

**शिक्षा विकास निर्देशनालय**

जनकपुरधाम, धनुषा, नेपाल

**<u>प्रवेश पत्र</u>**

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत

रोल नं. :

| | | |
|---|---|---|
| नाम थर : | | |
| समुह/उप समुह : | बिज्ञापन नं: | समावेशी समूह: |
| पद : | | तह : |
| उम्मेदवारको दस्तखत : | | |

**<u>कर्मचारीले भर्ने</u>**

विज्ञापनमा तोकिएको सर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद्ध हुनेछ ।

परीक्षा केन्द्र :

.....................

अधिकृतको दस्तखत

.......................................................................................................................................

मधेश प्रदेश सरकार

शिक्षा तथा संस्कृति मन्त्रालय

शिक्षा विकास निर्देशनालय

जनकपुरधाम, धनुषा, नेपाल

<u>प्रवेश पत्र</u>

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो यहाँ टास्ने र फोटो र फाराममा पर्ने गरी उम्मेदवारले

रोल नं.-

| | | |
|---|---|---|
| नाम थर : | | |
| समुह/उप समुह : | बिज्ञापन नं: | समावेशी समूह: |
| पद : | | तह : |
| उम्मेदवारको दस्तखत : | | |

**<u>कर्मचारीले भर्ने:</u>**

विज्ञापनमा तोकिएको सर्त नपुगेको ठहर भएमा जुनसुकै अवस्थामा पनि यो अनुमति रद हुनेछ ।

.....................

परीक्षा केन्द्र :

अधिकृतको दस्तखत



मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल

नि.प्रदेश सचिव

अनुसूची - ४

(दफा १३ सँग सम्बन्धित करार सम्झौता पत्रको ढाँचा)

मधेश प्रदेश सरकार

शिक्षा तथा संस्कृति मन्त्रालय

## शिक्षा विकास निर्देशनालय

जनकपुरधाम

प.सं.-

च.नं.-                                                                 मिति :

श्री.........................................................

.........................................।

विषयः करार नियुक्ति सम्बन्धमा ।

तपाईलाई मिति ................ निर्णयानुसार सूचिकरण गरिए बमोजिम मिति .................. देखि ..... ............... सम्म करारमा नियूक्ति गरिएको छ । उक्त पदमा संलग्न कार्य शर्त अनुरुप आफनो काम इमान्दारीपूर्वक र व्यवसायिक मूल्य मान्यता अनुरुप गर्नु हुन जानकारी गराइन्छ । यो सेवामा नियुक्त हुनुभएकोमा हार्दिक बधाई छ ।

...............

निर्देशक

बोधार्थः

१. श्री शिक्षा तथा संस्कृति मन्त्रालय, मधेश प्रदेश, जनकपुरधाम ।

२. श्री.......................................महा/उपमहा/नगरपालिका/गाँउपालिका..................आवश्यक अनुगमन तथा सहयोगका लागि ।

३. श्री..................... विद्यालय,...................सम्झौता अनुसारको कामकाज गराउनु हुन ।

४. श्री आर्थिक प्रशासन शाखाः प्रमाणित हाजिर/Time Sheet सहितको प्रतिवेदनका आधारमा सम्झौता बमोजिमको रकम उपलब्ध गराउनुहुन ।



मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम, नेपाल

नि.प्रदेश सचिव

अनुसूची - ५

(दफा २० को उपदफा (२) सँग सम्बन्धित)

## विद्यालय स्वास्थ्य इकाइको आवश्यक पूर्वाधार

मधेश प्रदेश सरकार

शिक्षा तथा संस्कृति मन्त्रालय

**शिक्षा विकास निर्देशनालय**

जनकपुरधाम, धनुषा, नेपाल

### कार्यकक्ष Setup:

- कुर्सी - ३, टेबल-१, कम्प्युटर (इन्टरनेट सुबिधा सहित) -१, दराज-१, वेन्च-१.
- सुचना पाटी -१, स्वास्थ्य शिक्षा सामग्री र प्रदर्शन बोर्ड
- कपडा राखे रेक / हयांगर -१, अतिरिक्त बिधार्थी ड्रेस मेडी, पेन्ट आदी
- हात धुने सुबिधा
- स्टेशनरी आवश्यकता अनुसार लग बुक, register
- पर्दा तथा अन्य सामग्री आवस्यकता अनुसार विद्यालयले थपघट गर्न सक्नेछन्

### क्लिनिक setup:

- Bed, Foot step
- Torch Light, Measuring Tape, Tuning Fork, Knee hammer
- First Aids Kit with basic medicine, First Aids chart
- waste bin different Colors
- B.P set Thermometer, horoscope, ophthalmoscope
- Dressing set, Bandage, splint
- Weight Scale, Height scale
- Smelled Chart (Visual Acuity Chart)
- Sanitary Pads
- sick Room, bed
- IEC/BCC/ Health promotion corner with materials
- Anatomical chart / reproductive System
- Referral Slip, service Register



मधेश प्रदेश सरकार शिक्षा तथा संस्कृति मन्त्रालय जनकपुरधाम

नि.प्रदेश सचिव